महागढीमाई नगरपालिका नगर कार्यपालिकाको कार्यालय बरियारपुर, बारा मधेश प्रदेश, नेपाल २०७३

**प्रस्ताव नं.२:– सार्वजनिक/ ऐलानी जग्गा सम्बन्धमा ।**

**निर्णय** :-प्रस्तुत प्रस्तावमा छलफल गर्दा यस महागढीमाई नगरपालिकाले सडक सम्बन्धी निर्धारण गरेको मापदण्ड र नेपाल सरकारको मापदण्ड विपरित देहायका मुख्य सडक तथा अन्य सडक खण्डमा निर्माण भएको घर, टहरा अन्य छेकवारबाट अवरोध हुन गएको अतिक्रमित बाटो खाली गर्ने गराउन सम्बन्धित वडाको वडाअध्यक्षको सहयोग समन्वयमा प्राविधिक अमिन खटाउने र खाली गर्ने सम्बन्धी सूचना जारी गर्ने निर्णय गरियो ।

**देहाय**

(क) मझरिया नहर चौक देखि इनर्वा, बरियारपुर, दहियार, गंजभवानीपुर हुँदै बेलहिया पुलसम्मको सडकबाटो ।

(ख) कलैया सडक खण्डको वडा नं. १० पसाहा पुल गंजभवानीपुर देखि वडा नं. ५ अन्तर्गत पर्ने थलही खोलासम्मको सडकबाटो ।

(ग) बरियारपुर बजार, गढीमाई मन्दिर, सेमरा तेहगछिया हुँदै पसाहा पुलसम्मको सडकबाटो ।

(घ) जोकाहा नदी देखि नगरदाहा, बगडमपुर, कवहीजब्दी, बबुआइन, लक्ष्मणवा हुँदै धर्मपुर नहर सम्मको सडकबाटो ।

(ङ) हुलाकी राजमार्गमा पर्ने पत्रहट्टी जाने सडकबाट बेनौली नहर सम्मको सडकबाटो ।

(च) बाबा महेश्वरनाथ, तेलकुवा, सिसहनिया हुँदै पर्सा टोलसम्मको सडकबाटो ।

(छ) बेनौली देखि तेलगाई हुँदै यस न.पा. को सिमाना हर्दिया टोल सम्मको सडकबाटो ।

(ज) मैनी टोल देखि बरैया टोल हुँदै बरियारपुर बजार सम्मको सडकबाटो ।

(झ) बगडमपुर मुल बाटो देखि ब्रहमबाबा स्थान हुँदै दहियार जाने सडकबाटो ।

(ञ) बरियारपुर (शिवचन्द्रको घर) देखि बबुआइन (रामविश्वासको घर) जाने सडकबाटो ।

(ट) गण्डक नहर देखि उत्तर पिप्राको मुल बाटो हुँदै मठ सम्मको बाटो ।

(ठ) गण्डक नहर देखि कञ्चनपुरको मुल बाटो हुँदै सोलिङ्ग भएको सडकबाटो ।

(ड) गण्डक नहर देखि दक्षिण पिप्राको मुल बाटो हुँदै थलही नदीसम्मको बाटो ।

(ढ) उत्तर पिप्रा हुँदै बलुवा मठ देखि थलही नदीसम्मको बाटो ।

(ण) बबुआइन (विजाधरको घर) देखि मसानघाटसम्मको सडकबाटो ।

(त) सिसहनिया पत्रहट्टी अस्पताल बरवा हुँदै बेनौली सडकसम्मको बाटो ।

(थ) मलहनीको लङगडानाथ कल्भर्ट देखि श्री ने.रा.आधारभुत विद्यालयसम्मको बाटो ।

(द) दहियार रामजानकी मन्दिर हुँदै पुरानो छठीघाट देखि मसानघाट सम्मको बाटो ।

(ध) बेनौली चौक देखि बेनौली गाँउ हुँदै नहर जोडिने बाटो ।

(न) मैनी टोल देखि हुलाकी राजमार्ग हुँदै रामजानकी मठसम्मको बाटो ।

(प) बरियारपुर बजार देखि ब्रम्हबाबा मन्दिरको दक्षिणमा हुलाकी राजमार्ग र पशिचममा नगरपालिका भवनसम्मको बाटो ।

(फ) बेतौना गाउँको ट्रान्सफर्मर देखि गौतमपुर जोलगावा हुँदै पदमरोड सम्मको बाटो ।

(ब) पदमरोड देखि ब्रम्हपुरी बर्नियार हुँदै कञ्चनपुर सम्मको बाटो ।

(भ) धर्मपुर आचला देखि थलही खोलासम्मको बाटो ।

(म) सिमरा तेगछिया देखि मलहनी, ठूलो मलहनीको विद्यालय (तिलाखी साहको घर) हुँदै गंजभवानीपुर सम्मको बाटो ।

(य) पत्रहट्टी (देवनारायण सहनीको खेत) देखि रजैया कुलो सम्मको बाटो ।

महागढीमाई नगरपालिका नगर कार्यपालिकाको कार्यालय बरियारपुर, बारा मधेश प्रदेश, नेपाल २०७३

निर्णय प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत

(र) पत्रहट्टी दक्षिणटोलाको मठ देखि दरोगा प्रसाद यादवको घर सम्मको बाटो ।
(ल) मलहनी लङ्गडनाथ कल्भर्ट देखि टावर लाइट, भरत साह कानुको घर सम्मको बाटो ।
(व) टावरलाइट देखि नेपाल राष्ट्रिय आवि सम्मको बाटो ।
(श) महेन्द्रचोक देखि थलही नदी सम्मको बाटो ।
(स) बेतौना भोलुङ्गे पुलको अवरोध हटाउने ।
(ष) बरैया टोलको मन्दिर देखि मैनी, लक्षमनवा हुँदै थलही मठ सम्मको बाटो ।

**प्रस्ताव नं.३ः- सुकुम्बासी/अव्यवस्थित घरधुरीको विवरण लगत सम्बन्धमा ।**

**निर्णयः**-प्रस्तुत प्रस्तावमा छलफल गर्दा यस महागढीमाई न.पा.को कार्यालयले पटक पटक लिखित रुपमा सुकुम्बासी/अव्यवस्थित घरधुरीको विवरण सम्बन्धीको लगत माग गर्दा हालसम्म वडा नं. २, ८ र १० बाट विवरण प्राप्त हुन आएको र बाँकी वडाको लगत विवरण प्राप्त हुन नआएकोले यथाशीघ्र बाँकी रहेका वडा कार्यालयले लगत विवरण तयार गरी यस कार्यालयको सम्बन्धित शाखामा बुझाउने गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ४ः– घर नक्सा पास नगराएका व्यक्तिहरुको लगत विवरण तयार पार्ने र नयाँ घर निर्माणको लागि घर नक्सा पास गर्ने सम्बन्धमा ।**

**निर्णय** :-प्रस्तुत प्रस्तावमा छलफल गर्दा यस न.पा.मा घर नक्सा पास नभएका घरहरुको नक्सा पास जति सक्दो छिटो गर्ने गराउने र नयाँ घर निर्माणका लागि न.पा.को स्वीकृति लिएर मात्र कार्य प्रारम्भ गर्ने निर्णय गरियो ।

महागढीमाई नगरपालिका नगर कार्यपालिकाको कार्यालय बरियारपुर, बारा मधेश प्रदेश, नेपाल २०७३

प्रमुख प्रशासकीय अधिकृत